प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

**मिति २०७६/१२/२८**

गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ ज्यूले आज बाग्लुङस्थित धौलागिरी अंचल अस्पताल पुगी कोभिड -१९ संक्रमित २ जना विरामीको अवस्थाबारे जानकारी लिनुभएको छ। मुख्यमन्त्रीज्यू संगै गण्डकी प्रदेश सरकारका प्रमुख सचिव श्री हरि प्रसाद बस्याल ज्यू, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार गोविन्द नेपाली लगायतको टोलिले अस्पतालको निरिक्षण र आइसोलेसन वार्डमा उपचाररत २ जना विरामीको अवस्थाबारे जानकारी लिनुभएको थियो। सो टोलीले म्याग्दीको अस्पतालमा पुगी सरोकारवालाहरुसंग पनि कोभिड-१९ को तयारी सम्बन्धमा छलफल गर्दै सुझाव तथा आवश्यक निर्देशन प्रदान गर्नुभयो।

गण्डकी प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूको नेतृत्वमा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रमुख जिल्ला अधिकारी ज्यू, स्वास्थ्य कार्यालय प्रमुख ज्यू, लगायतका प्रतिनिधिहरुले अस्पताल व्यवस्थापन समितिका अध्यक्षज्यू अस्पतालका मे.सु लगायत समितिका सदस्यहरुसंग कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनको पूर्वतयारीका सम्बन्धमा जानकारी लिनुभएको छ, सो अवसरमा माननीय मन्त्री ज्यूले गोरखा अस्पताललाई, PPE सेट, RDT किट, क्लोरिन, मास्क लगायतका सामग्री हस्तान्तरण गर्नुभएको थियो।

गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय - अस्पताल विकास महाशाखाका प्रमुख डा रामबहादुर के.सी सहितको टोलिले स्वास्थ्य कार्यालय, तनहुँ, दमौली अस्पताल र जी.पी कोइराला श्वासप्रश्वास अस्पतालको अनुगमन गरि आवश्यक सल्लाह र निर्देशन प्रदान गरेको छ।

कोभिड-१९ परिक्षणका लागि संघीय सरकारबाट प्राप्त Rapid Diagnostic Test (RDT) किट स्वास्थ्य निर्देशनालयका कर्मचारी सहितको टोलिले म्याग्दी, पर्वत, स्याङ्जा तनहुँ, लमजुङ्ग, गोरखा, नवलपुर लगायत विभिन्न जिल्लामा वितरण गरेको छ।

यो किटले विशेषगरी चैत्र महिनाभित्र विदेशबाट आएका व्यक्तिहरुमा कोभिड-१९ को परिक्षण गरिनेछ। बाग्लुङ्ग जिल्लामा भने हिंजोदेखि नै स्वास्थ्य सेवा विभाग, धौलागिरी अंचल अस्पताल र स्वास्थ्य कार्यालय बाग्लुङ्गको टोलीले Rapid Test kit मार्फत विदेशबाट आएकाहरुको कोभिड-१९ परिक्षण शुरु गरिसकेको छ। यसैगरी कास्कीको रुपामा समेत RDT मार्फत विदेशबाट फर्किएका व्यक्तिको नमुना परिक्षणको शुरुवात भैसकेको छ।

कोभिड-१९ तथा अन्य संक्रामक रोग रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनका लागि गठित एम्बुलेन्स व्यवस्थापन समिति को बैठकले एम्बुलेन्स २४ सै घण्टा सेवा दिन सक्ने अवस्थामा राख्ने, एम्बुलेन्स पार्टेशन गर्ने, शंकास्पद र संक्रमित विरामीलाई ओसारपसार गर्दा चालक र कर्मचारीलाई PPE को व्यवस्था गर्ने, एम्बुलेन्स चालक र स्वास्थ्यकर्मीको नाम र

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

सम्पर्क नम्बर समेत अद्यावधिक गर्ने, सेवा दिन आनाकानी गर्ने संस्था एवं व्यक्तिलाई संक्रामक ऐन २०२० को दफा ३ बमोजिमको कानूनी कारबाहीको लागि सिफारिस गर्ने लगायतका निर्णयहरु गरेको छ।
गण्डकी प्रदेशमा हालसम्म ३१८ जनाको नमुना संकलन गरिएको छ जसमध्ये २९८ जनाको परिक्षण परिणाम नेगेटिभ, २ जनाको पोजेटिभ देखिएको छ भने १८ जनाको नमुना परिक्षणको नतिजा आउन बाँकी रहेको जानकारी प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकले दिनुभएको छ ।

आजसम्म हेल्लो डाक्टर **१०९२** कार्यक्रममा ५३० जनाले चिकित्सकीय परामर्श सहितको सेवा लिएका छन् । कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारले गरेका क्रियाकलापहरुको जानकारीको लागि यस निर्देशनालयको वेवसाइट http://hd.gandaki.gov.np मा हेर्नुहुन अनुरोध छ। कोभिड-१९ को संक्रमण नियन्त्रण तथा ब्यबस्थापनका लागी लाग्नुहुने सबै महानुभावहरुलाई विशेष धन्यबाद ज्ञापन गर्दछु।



डा विनोद विन्दु शर्मा
निर्देशक